# शारदा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा, सल्यान

कर्णाली प्रदेश, नेपाल


पत्र संख्याः- २०७८/०७९
चलानी नं:-९३६

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२४

सुरक्षित आप्रवासन-सामी नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत सल्यान जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| सि नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | १ | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रही कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| २ | सामाजिक परिचालक अधिकृत | १ | **सामाजिक परिचालन अधिकृतः**<br>न्यूनतम स्नातक तह उत्तीर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको।<br>वैदेशिक रोजगारको अनुभव भएको र सामाजिक परिचालन सम्बन्धी तालीम दिएकोलाई प्राथमिकता दिइनेछ । |
| ३ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २(एक जना महिला अनिवार्य) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको, साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सूचना तथा परामर्श सेवा सम्बन्धी अनुभव भएकोलाई प्राथमिकता दिईने छ । |
| ४ | मनोसामाजिक परामर्शकर्ता | १ (महिला) | **सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमाः**<br>• कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्थाः**<br>नयाँ मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |


Phone No:- 088-520438 URL:www.shaaradamun.gov.np Email ID: ito.shaaradamun@gmail.com


" Green Sharada Clean Sharada "

नि. प्रमुख प्रशासकीय अधिकृत


CamScanner

| | | | |
|---|---|---|---|
| | | | अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमकले तोकेको योग्यता भएको हुनु पर्नेछ, जुन निम्नानुसार छः<br>• मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ५ | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ६ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेशिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**कार्य अवधीः** हाललाई २०८० असार मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**परीक्षाको किसिमः** लिखित, अन्तरवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधाः** कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित शारदा नगरपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट वञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्वन गरिनेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/०७ गतेका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ, आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

.....................

लिलाधर बवाल

नि प्रमुख प्रशासकीय अधिकृत